रुपनी गाउँपालिका

☎०३१-४५००३५

# गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

प्रदेश नं. २, नेपाल


प.सं.: – २०७७/०७८ मिति: – २०७७/०४/२३

च.नं.: – ६८

## प्रविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७-०४-२३)

प्रस्तुत विषयमा श्रम ,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८ च.नं. pmep/23 को मिति ०७७/०४/१२ को पत्रानुसार यस रुपनी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र मांग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१.आवश्यक न्युनतम योग्यता र अनुभव :

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको ।

(ख) अनुभव र सिप : प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ :-

- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर :- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान :- रुपनी गाउँपालिका कार्यालय रुपनी, सप्तरी

३. दरखास्त दिने अन्तिम मिति :- २०७७/०५/०५ गते कार्यालय समय भित्र

४. आवेदन दस्तुर :- रु. १०००।-

५. छनौट किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदनका साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

| | |
|---|---|
| • नागरिकता | • अनुभव खुल्ने कागजात |
| • न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र | • २ प्रति पासपोर्ट आकारको फोटो |
| • चारित्रिक प्रमाणपत्र | |

७. सेवा सुविधा :- गाउँपालिका तथा नगरपालिकामा प्रविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट: आवेदनको ढाँचा र प्राविधिक सहायकको पदको कार्यविवरण लगायत अन्य जानकारी www.rupanimun.gov.np मा उपलब्ध छ तथा प्रारम्भिक योग्यताको सूचीसँगै परीक्षाको मिति, समय र स्थान तोकि सूचना प्रकाशन गरिने छ ।

ललन कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत